नेपाल धितोपत्र बोर्डबाट अनुमतिपत्र प्राप्त

नेपाल स्टक एक्सचेञ्ज लिमिटेड

(नेपाल सरकारको स्वामित्व भएको)

Nepal Stock Exchange Limited

(An Undertaking of Government of Nepal)

पत्र संख्या : ०८१/८२
चलानी नं. : 0९९

मिति : २०८१/०९/११

श्री कर्णाली डेभलपमेन्ट बैंक लिमिटेड (KRBL)
नेपालगञ्ज, बाँके ।

विषय : धितोपत्रको कारोवार स्थगन गरिएको सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा नेपाल राष्ट्र बैंकको मिति २०८१/०९/१०, प.सं. वि.सं.सु.वि.//२०८१/८२ को पत्रानुसार तहाँ बैंकलाई समस्याग्रस्त संस्था घोषणा गरिएको तथा सञ्चालक समिति र प्रमुख कार्यकारी अधिकृतलाई निलम्बन गरी व्यवस्थापन नियन्त्रणमा लिइएको जानकारी प्राप्त भयो । साथै नेपाल धितोपत्र बोर्डको मिति २०८१/०९/११, प.सं.२०८१/८२, च.नं. १६५१ को पत्रानुसार त्यस कम्पनीको धितोपत्रको कारोवार स्थगन गर्न निर्देशन प्राप्त भए बमोजिम लगानीकर्ताको हितको संरक्षण गर्न आवश्यक देखिएकोले २०८१/०९/११ गते देखि धितोपत्रको कारोवार स्थगन गरिएको व्यहोरा निर्णयानुसार अनुरोध छ ।

बोधार्थ :
श्री नेपाल राष्ट्र बैंक, बैक तथा वित्तीय संस्था नियमन विभाग, बालुवाटार, काठमाडौं ।
श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।
श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, पुतलीसडक, काठमाडौं ।
श्रीमान् प्रमुख कार्यकारी अधिकृतज्यूको सचिवालय, नेप्से ।

११।९।११
सुरेश जोशी
सहायक प्रवन्धक
सूचीकरण शाखा

पो. ब. नं. १५५०, युएनआई शान्तिमार्ग, भद्रकाली, काठमाण्डौ, नेपाल
(P. O. Box 1550, UNI Shantimarg, Bhadrakali, Kathmandu, Nepal)
Tel.: 5350755–59, 5350734–35 Fax: 5362538/Toll Free No. : 16600125025

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन नं. ०१४४१२३०७
एक्सचेञ्ज: ०१-४४१९८०४/४४१९८०५
आन्तरिक फोन: ७२२
फ्याक्स: ०१-४४१४१४३
Email: nrbfisd@nrb.org.np
Web: www.nrb.org.np
पोष्ट बक्स नं. ७३

नेपाल राष्ट्र बैंक
वित्तीय संस्था सुपरिवेक्षण विभाग

पत्रसंख्या : वि.सं.सु.वि./ /२०८१/८२

मिति २०८१/०९/१०

श्री अध्यक्ष
सञ्चालक समिति
कर्णाली डेभलपमेण्ट बैंक लिमिटेड
नेपालगञ्ज, बाँके ।

विषय: समस्याग्रस्त संस्था घोषणा गरिएको तथा सञ्चालक समिति र प्रमुख कार्यकारी अधिकृतलाई निलम्बन गरी व्यवस्थापन नियन्त्रणमा लिईएको सम्बन्धमा ।

महाशय,

त्यस संस्थाको मिति २०८१/०९/०९ को पत्रबाट सो संस्था निक्षेपकर्ताको बचत रकम भुक्तानी गर्न उल्लेखनीय रुपले असमर्थ रहेको हुँदा संस्थाको सञ्चालक समितिको निर्णय सहित नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ८६क. अनुसार यस बैंकलाई सो व्यहोरा जानकारी गराई उपचारात्मक कारवाही तथा सहयोगको लागि अनुरोध गरेको सन्दर्भमा यस बैंकको सञ्चालक समितिको मिति २०८१/०९/१० को निर्णयानुसार त्यस संस्थालाई नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ८६ख. बमोजिम समस्याग्रस्त संस्था घोषणा गरी सोही ऐनको दफा ८६ग.को उपदफा (२) मा भएको व्यवस्था बमोजिम तहाँ सञ्चालक समिति र प्रमुख कार्यकारी अधिकृतलाई मिति २०८१/०९/११ देखि लागु हुने गरी निलम्बन गरिएको व्यहोरा अनुरोध छ । साथै, सोही ऐनको दफा ८६ग. को उपदफा (१) बमोजिम तहाँ संस्थाको सञ्चालन तथा व्यवस्थापन नियन्त्रणमा लिई देहाय बमोजिमको व्यवस्थापन समूह नियुक्त गरिएको व्यहोरा अनुरोध गर्दै सो व्यवस्थापन समूहलाई त्यस संस्थाको सम्पूर्ण सम्पत्ति, दायित्व तथा कारोबारहरुको यथार्थ स्थिति लगायत सम्पूर्ण व्यवस्थापन हस्तान्तरण गर्नुहुन समेत निर्णयानुसार अनुरोध गर्दछु ।

व्यवस्थापन समूह

१. उप निर्देशक टिकाराम खतिवडा - संयोजक
२. उप निर्देशक विष्णु कुमार विश्वकर्मा - सदस्य
३. उप निर्देशक जुगल किशोर कुशवाहा - सदस्य

भवदीय

दयाराम शर्मा पगेनी
कार्यकारी निर्देशक

बोधार्थ

१. नेपाल सरकार, अर्थ मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
२. नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
३. नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
४. नेपाल राष्ट्र बैंक, मानव संसाधन व्यवस्थापन विभाग ।
५. नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
६. नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।
७. नेपाल प्रहरी, केन्द्रीय अनुसन्धान ब्यूरो, काठमाडौं ।
८. नेपाल धितोपत्र बोर्ड, ललितपुर ।
९. नेपाल स्टक एक्सचेञ्ज लिमिटेड, भद्रकाली, काठमाडौं ।
१०.कम्पनी रजिष्टारको कार्यालय, त्रिपुरेश्वर ।
११.नेपाल राष्ट्र बैंक, नेपालगञ्ज कार्यालय, बाँके ।
१२.नेपाल क्लियरींग हाउस लिमिटेड, कमलादी काठमाडौं ।
१३. जिल्ला प्रशासन कार्यालय, बाँके ।
१४.अध्यक्ष, सञ्चालक समिति, कर्णाली डेभलपमेण्ट बैंक लिमिटेड बाँके ।
१५.प्रमुख कार्याकारी अधिकृत, कर्णाली डेभलपमेण्ट बैंक लिमिटेड बाँके ।
१६.व्यवस्थापन समूह
   (क) उप निर्देशक टिकाराम खतिवडा, बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
   (ख) उप निर्देशक विष्णु कुमार विश्वकर्मा, वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
   (ग) उप निर्देशक जुगल किशोर कुशवाहा, कानून महाशाखा ।